हार्दिक स्वागत




# सिम्ता गाउँपालिका ,सुर्खेत

“आर्थिक ,सामाजिक संस्थागत तथा पूर्वाधार विकास ,
सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालीकाको आधार”

# सिम्ता गाउँपालीकाको आ व २०७६।०७७ को समिक्षा तथा हिउदे अधिवेशन

## २०७६ माघ १२ गते

# सिम्ता गाउँपालिका सुर्खेत, कर्णालि

कविन्द्र कुमार के सी
अध्यक्ष

## गाउँ सभाका प्रमुख अतिथि विशेष अतिथि ज्यूहरु एवं सभा सदस्य ज्युहरु

- सर्वप्रथम त यस सिम्ता गाउपालीकाको गाउँसभा तथा हिउदे अधिवेशन जस्तो गरिमामय अवसरमा आफ्नो व्यस्तताका वावजुत पनि सहभागि भई सभामा सल्लाह, सुझाव प्रदान गर्न पाल्नुभएका सम्पूर्ण महानुभावहरूलाई सिम्ता गाउँपालीकाको र मेरो व्याक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दै आभार प्रकट गर्न चहान्छु ।

- हाम्रो मुलुकको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, विभिन्न राजनैतिक परिवर्तन र लोकतन्त्र मार्फत सिंहदरवारको शासन व्यवस्था जनताको घरदैलोमा पुग्ने स्थानीय सरकार स्थापनाका साथै कर्णाली प्रदेशको स्थापना गर्न सुर्खेत जिल्ला प्रादेशिक राज्यको राजधानी हुनुपर्ने माग राख्दै विभिन्न समय र कालखण्डमा वलीदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चहान्छु ।

- यस गरिमामय गाउँसभामा गाउँपालीकाको समग्र विकासका लागि मार्गदर्शनको रुपमा रहने विधायन अधिवेशनमा आफ्ना धारणहरु प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्तित महसुस गरेको छु । यस अवसरमा हाम्रा अथक प्रयासहरुमा निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने प्रमुख अतिथी विशेष अतिथिाहरु एवं गाउँसभाका सदस्यहरु गाउँ कार्यपालीकाका सम्पूर्ण सदस्य ज्युहरु गाउँपालीकामा क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु सरोकारवाला विकास साझेदार संघ संस्थाहरु,स्थानिय नागरिक समाजका प्रतिनिधीहरु, गाउँपालीकाका कर्मचारीहरु एवं यस सिम्ता गाउँपालीका वासी सवै प्रति एकपटक पुनः आभार व्यक्त गर्दछु ।

## यस गाउँसभाका प्रमुख अतिथिा , विशेष अतिथि एवं सभा सदस्यहरु

- संविधानको कार्यान्वयन गरि राजनैतिक परिवर्तनलाई संस्थागत गर्दै जनताका असिमित आकांक्षा, अभिलाशा र आवश्यक्तालाई उचित सम्वोधन गरि अघि वढ्नुपर्ने यस समयमा यस गाउँपालीकाले पनि विगतका गाउँकार्यपालीका र गाउँसभाल निर्णय गरि कार्यान्वयनका चरणमा रहेका महत्वपुर्ण कार्यक्रम र योजनाहरुको निरन्तरता दिंदै दिगो विकासको लक्ष्य , पन्द्रौ योजना तथा भर्खरै कर्णाली प्रदेशको कर्णाली प्रदेश विकास परिषदका निश्कर्ष अनुरुप परिकल्पना २१०० अनुरुप प्रदेशमा रहेका ८९ वटै स्थनीय तहहले योजनावद्ध विकासको खाका तयार गरि वढन आवस्यक छ । सोही अनुरुप यस सिम्ता गाउपालीकाले पनि सिम्ताली जनताको समृद्धिको सपनाहरुको साकार पार्नका लागि यस नयाँ व्यवस्थामा सक्दो सम्वोधन गर्ने कुरामा म विश्वास दिलाउन चहान्छु ।
- विकास सामुहिक प्रयासवाट मात्र संभव हुन सक्दछ । आजको समय भनेको समन्वय र सहकार्यको हो । हाम्रो मुलुक नेपालको संवैधानिक व्यवस्था अनुरुप सहमाती, सहकार्य र सहअस्थित्वको मूल मर्म अनुसार चली रहेको छ । सवैको गन्तव्यलाई सामूहिक प्रयास र प्रयत्नवाट हल गर्न सक्नु पर्दछ भन्ने मान्यताबाट सिम्ता गाउँपालीकाको समग्र विकासमा हामी सवै एकतावद्ध भएर अगाडि वढनु हामी सवैको साझा कर्तव्य हो र आगामी दिनमा पनि यसरी नै गन्तब्यमा पुग्ने छौं भन्ने विश्वास लिएको छु ।
- यस सिम्ता गाउँपालीकामा शिक्षा कृषि, जलश्रोत,पर्यटन, पशुपालन उद्योग व्यापार व्यवसायका लागि प्रचुर सम्भावना अवसर भएता पनि यस गाउँपालीकाको आर्थिक श्रोतको मूख्य आधार भनेको कृषि नै हो । वर्तमान अवस्थामा रहेको गुजरा र परम्परागत रुपमा रहेको कृर्षिलाई आधुनिक र व्यवसायीक कृषिमा रुपान्तरण गर्न सकेमा यस गाउँपालीकाको आर्थिक सामाजिक समृद्धि सम्भव रहेको कुरामा म विस्वास दिलाउन चहान्छु । यस गाउँपालीकामा विकासका प्रचुर सम्भावना हुंदाहुदै पनि भौगोलिक विकटता, आर्थिक परनिर्भरता, सामाजिक सांस्कृतिक विविधता र उपलब्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गर्न नसकेका कारणबाट जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । अझ पनि कैयौं क्षेत्र वर्ग तथा समुदायहरू विकासको मूलधारवाट पछाडि परि नै रहेका छन् । गरिवी र वेरोजगारी समस्या चुनौतिको रुपमा रहेको छ । यिनीहरुको सन्तुतित र क्षेत्रिय विकासको लागि निरन्तर रुपमा अघि वढ्नुपर्ने अवस्था रहेको छ ।

# आर्थिक बर्ष ०७६।०७७ को नीति कार्यक्रम तथा वजेटको अर्धबार्षिक समिक्षा

# नीती तथा कार्यक्रमका प्रमुख भागहरु

१.१ पृष्ठभूमी

१.२ चालू आर्थिक बर्षको नीति तथा कार्यक्रमको समिक्षा

- आगामी आर्थिक बर्ष २०७६/०७७ को नीति ,कार्यक्रम तथा वजेट

२.१ सिम्ता गाउँपालीकाको दीर्घकालीन सोच

- सिम्ता गाउँपालीकाका निर्देशक सिद्धान्तहरु
- सिम्ता गाउँपालीकाको प्रमुख लक्ष्यहरु
- सिम्ता गाउँपालीकका विषयगत उद्धेश्यहरु

अपेक्षित उपलव्धीहरु

२.२ बार्षिक नीति ,वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको प्रमुख नीति तथा आधारहरु

- आयोजना प्राथमिकीकरणका आधारहरु
- आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु
- सिम्ता गाउँपालीकाको समग्र विकासका लागि अवलम्वन गरिएको स्थानीय नीति

# नीती तथा कार्यक्रमका प्रमुख भागहरु

सिम्ता गाउपालीकाका क्षेत्रगत नीति तथा आधारहरु

## आर्थिक क्षेत्र

- कृषि, सिचाई तथा पशु विकास
- पर्यटन विकास
- उद्योग, वाणिज्य बैकिंग सहकारी

## सामाजिक विकास

- *युवा तथा खेलकुद*
- कला, संस्कृति, भाषा र साहित्य
- सामाजिक विकासका लागि सामाजिक परिचालनः
- लक्षित वर्ग,
- शिक्षा, स्वास्थ्य र सरसफाई

## भौतिक पुर्वाधार क्षेत्र

- सडक यातायात तथा खानेपानी
- भौतिक विकास आवास व्यवस्थापन तथा वस्ती विकास कार्यक्रम
- सुचना संचार, प्रविधी र उर्जा
- वातावरण तथा विपद व्यवस्थापन

# नीती तथा कार्यक्रमका प्रमुख भागहरु

**वन तथा वातावरण**

- *भुसंरक्षण र जलाधार व्यवस्थापन*
- *वतावरण तथा जलवायु परिवर्तन अनुकुलन*
- भु उपयोग तथा  हरियाली व्यवस्थापन

**संस्थागत विकास तथा सेवा प्रवाह**

- *मानव संसाधन विकास कार्यक्रम:*
- स्थानीय शुसाशन, जवाफदेहि कार्यालय व्यवस्थापन
- गाउँपालीकाको प्रशासन व्यवस्थापन
- आन्तरिक स्रोत पहिचान र वित्तीय व्यवस्थापन:
- अनुगमन तथा मूल्याङ्कन:
- विविध:

**२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**

***२.४ यस गाउँपालीकाको अनुमानित व्यय र श्रोत व्यवस्थापन***

**२.५ उपसंहार**

# नीती तथा कार्यक्रमका प्रमुख भागहरु

## खण्ड ४ अनुसूचीहरु

अनुसूची १ आय व्यय विवरण

अनुसूची २ राजस्व तथा अनुदान प्राप्ती अनुमान

अनुसूची ३ व्यय अनुमान

अनुसूची ४ वित्तीय व्यवस्था अनुमान

अनुसूची ५ कार्यक्षेत्रगत व्यय अनुमान

अनुसूची ६ वार्षिक विकास कार्यक्रम

अनुसूची ७ वार्षिक कार्यक्रम कार्यान्वयन योजना

# सिम्ता गाउँपालिकाको संक्षिप्त परिचय

| विवरण | परिमाण |
|---|---|
| गाउपालीकाको नामा | सिम्ता गाउँपालीका |
| जम्मा वडा संख्या | ९ |
| जम्मा जनसंख्या | २४१.६४ वर्ग किमि |
| घर धुरी संख्या | ५५५९५ |
| कुल जनसंख्या | ३०३१३ |
| महिला जनसंख्या | १४७१२ |
| पुरुष जनसंख्या | १५५२१ |
| परिवार औषत अनुपात | ५.४ |
| सवै भन्दा ठूलो वडा (क्षेत्रफल ) | ७ ) ४३.२८ व कि मी |
| सवै भन्दा सानो वडा (क्षेत्रफल ) | ४ ( १३.२८ व कि मी |
| सवै भन्दा ठूलो वडा (जनसंख्या ) | ६ (४८१४) |
| सवै भन्दा सानो वडा (जनसंख्या ) | ४ ( २३०३) |



# सिम्ता गाउपालीकाका नीतिगत व्यवस्थाहरु

## सिम्ता गाउँपालीकाको परिकल्पना

**“आर्थिक, सामाजिक,संस्थागत विकासका लागि  पूर्वाधार, सुशासनयुक्त  समृद्ध सिम्ता गाउ“पालिकाको आधार”**

**”समृद्ध सिम्ता , सुखी र खुसी सिम्ताली ”**

## सिम्ता गाउँपालीकाको लक्ष्य

गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण र मानवीय विकास मार्फत समावेशी, गुणस्तरीय र सन्तुलित दीगो विकासमा टेवा पुर्‍याउने ।

# सिम्ता गाउँपालिकाका ११ निर्देशक सिद्धान्तहरु र पद्धती

- सरकारी, सहकारी, निजी गैह्रसरकारी साझेदारीता
- अर्थपूर्ण नागरिक सहभागिता तथा समावेशी शासन
- संस्थागत तथा मानव संसाधन विकास
- उत्पादनमूलक भौतिक पूर्वाधार विकास
- माग तथा आवश्यकतामा आधारित विकास
- सूचना तथा प्रविधिमा पहुँच र उपयोग
- भू-उपयोग, वस्ती विकास र शहरीकरणको विकास
- न्यायोचित र समतामूलक विकास
- जैविक विविधता संरक्षण तथा प्राकृतिक श्रोत अधिकतम् व्यवस्थापन
- वालमैत्री,महिलामैत्री,अपांग मैत्री र वातावरणमैत्री, दिगो विकास
- सामाजिक जवाफदेहिता, नतिजामूलक कूशल अनुगमन तथा मूल्यांकन

# सिम्ता गाउँपालीकाको विकासको मोडेल

S =Social mobilization सामाजिक परिचालन

I =Infrastructure Development पूर्वाधार विकास

M =Mainstreaming मूलप्रवाहीकरण

T =Technology transfer प्रविधि हस्तान्तरण

A =Accountability (Down ward) जवाफदेहीता

L = localization & Leadership development स्थानियकरण तथा नेतृत्व विकास

I =Institutional development संस्थागत विका;

# गाउँपालिकाको विकास मोडेल

| सामाजिक परिचालन | भौतिक पूर्वाधार | मूल प्रवाहिकरण | प्रविधि हस्तान्तरण | जवाफदेहीता | नेतृत्व विकास | संस्थगत विकास |
|---|---|---|---|---|---|---|
| संगठन | विधुत | दलित शसक्तिकरण | सिलाई कटाई | सार्वजनिक परिक्षण | समुह व्यवस्थापन | संजाल विकास |
| वचत | सडक | पेशागत परिक्षण | ढाका वुनाई | लैगिक परिक्षण | विपद व्यवस्थापन | समन्वय |
| सीप विकास | खानेपानी | जेष्ठ नागरिक अपांग एकल महिला सीप विकास | उध्यम विकास | सामाजिक परिक्षण | क्षमता विकास | सहकार्य |
| आाय आर्जन | सिंचाई | महिला सिप विकास | डेरी उध्यम | सार्वजनिक सुनुवाई | समावेशीकरण | सहकारी करण |

# गाउँपालीकाका समग्र नीति तथा आधारहरु

## *सिम्ता गाउँपालीकाका तिन लक्ष्यहरु*

- जनतासंग सिम्ता गाउँपालीका
- सिम्ता उज्यालो कार्यक्रम
- सुविधा सम्पन्न पहुच मार्ग निर्माण

## *सिम्ता गाउँपालीकाका चार आर्थिक नीतिहरु*

- सहकारी क्षेत्र
- नीजि क्षेत्र
- सरकारी क्षेत्र
- गैह्रसरकारी क्षेत्र

# उद्देश्यहरु

**आर्थिक विकास :**

आर्थिक विकासका अवसरमा अभिबृद्धि भई गाउँपालिका बासीको आयमा बृद्धि भएको हुनेछ ।

**सामाजिक विकास**

गाउँपालिकामा सामाजिक सेवा तथा सुविधाको गुणस्तर र उपयोगमा अभिबृद्धि हुनेछ ।

**भौतिक पूर्वाधार विकास**

गाउँपालिकामा भौतिक पूर्वाधार विकास व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ ।

**वन तथा वातावरण एव सेवा प्रवाह**

वन वातावरण तथा जैविक विविधता श्रोतको दीगो व्यवस्थापन र उपयोग सुनिश्चित भएको हुनेछ ।

**संस्थागत विकास तथा सुशासन**

सेवा प्रदायक तथा सेवाग्राहीको क्षमता र सामाजिक जवाफदेहितामा अभिबृद्धि भएको हुनेछ ।

# सिम्तामा गरीवी निवारणको प्रस्तावित भावि रणनीति



# गाउपालीकाको कार्यक्रम संचालन प्रक्रियाहरु



# योजना तर्जुमाका आधारहरु

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुची , नेपालको संविधानमा उल्लेखित मौलिक हक, नेपालको संविधानको भाग ४ अन्तर्गत रहेका आर्थिक , समाजिक विकास , प्रकृतिक श्रोतको उपयोग , वातावरण संरक्षण सम्वन्धि नीतिहरु
- संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को संघिय आर्थिक कार्यप्रणाली , नेपाल सरकारवाट स्वीकृत संघ ,प्रदेश र स्थानिय तहको वस्तुस्थिति विवरणको प्रतिवेदन ।
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले तय गरेको नीति तथा प्राथमिकताहरु
- संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वीत्तिय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु
- स्थानीय तहका आवधिक योजनाहरु,नीति, रणनीति , योजनाहरु त्था अध्यायन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास , जलवायु परिवर्तन र विपद व्यवस्थापन तथा पोषण , सामाजिक समावेशीकरण तथा लैंगिक शसक्तीकरण तथा समावेशी विकास , वालमैत्री स्थानिय शासन , वातावरण मैत्री स्थानीय शासन , खुल्ला दिशा मुक्त तथा पुर्ण सरसफाई , उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु
- स्थानीय तहले आवश्यक देखेका खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु

# आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा योगदान पुरुयाउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा वढीमा ३ वर्षमा सम्पन्नहुने ।
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह , संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीयश्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने
- लैंगिक समानता , सामाजिक समावेशीकरणको अभिवृद्धि हुने
- दीगो विाकास , वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल वढाउने ।

# यस आर्थिक बर्षका अपेक्षित उपलव्धीहरु

- सिम्ता उज्यालो कार्यक्रम अन्तर्गत गाउपालीकामा विधुतिकरणको सुरुवात हुने छ ।
- यस गाउपालीकामा अहिले सम्म पनि सडक यातायातको सुविधा नपुगेको स्थानमा सुविधा सम्पन्न सडकहरुको विकास र विस्तार भएको हुने छ ।
- गाउपालीकाका वडा तह तथा टोल वस्तीहरुमा स्वच्छ सफा खानेपानीका आयोजनाहरु निर्माणको लागि गाउपालीकाको वजेट र खानेपानी संग सरोकार राख्ने संघ संस्थाहरु र विषयगत कार्यालयहरुसंग समन्वय गरि योजनावद्ध विकासको सुरुवात गरिने छ ।
- यस गाउपालीकामा विगतमा संचालन हुदै आएका परम्परागत प्रणलीमा कृषि प्रविधिको व्यापक रुपानतरण गरिने छ ।
- कृषिका आधुनिकीकरण तथा व्यवसायीकारणका लागि योजना निर्माण गरि कार्यान्वयन गरिने छ ।
- कृषि विकास र प्रवर्धनका लागि संभाव्य स्थानहरु र वडाहरुमा कृषिका पकेट क्षेत्र घोषण गरि कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।
- सामाजिक समावेशीकरण तथा सशक्तिकरणका लागि पछाडी परेका तथा सिमान्तकृत वर्ग समुदायहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि विभिन्न प्रकारका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिने छ ।

# गाउँपालीकाले अवलम्वन गरेका प्रमुख नीतिहरु

- सिम्ताली जनताहरुलाई सहजरुपमा जिवन जिउनका लागि आगामी ५ वर्ष भित्र सिम्ता गाउपालीकामा "*सिम्ता उज्यालो कार्यक्रम*" मार्फत सवै वडाहरुमा विधुतीकरण गरिने छ।
- समृद्ध सिम्ता र सुखी सिम्तालीका सपना सफलीभूत वनाउनका लागि यस अवधिमा सिम्ता गाउपालीकाका "***सवै वडा केन्द्रहरुमा सुविधा सम्पन्न पहुच मार्ग***"को विस्तारको नीति अवलम्वन गरिने छ ।यसको लागि सडक गुरु योजना निर्माण गरि कार्यानवयन गरिने छ ।गत गाउसभाको निर्णय अनुसार ऋषि स्मृति चत्रपथ र ईन्द्र वि सी द्रुत मार्गलाई यस गाउपालीकाका पुर्वाधार विकासमा गौरवका योजनाको रुपमा स्तर उन्नती गरिने छ।
- सवै नागरिकहरुको स्वस्थ रहने र वाच्न पाउने अधिकारको लागि "***स्वच्छ र सुरक्षित सफा पिउने पानी***" को व्यवस्थाको लागि सवै सरोकारवाला निकायहरुसंग समन्वय गरि प्रवन्ध गरिने छ ।
- कृषिको आधुनिकीकरण र व्यवसायीकारण आजको आवस्यकता हो। कृषिको व्यवसायीकारण र आत्मनिर्भर कृषि प्रणालीको विकासको लागि ***जनतासंग सिम्ता गाउपालीका कार्यक्रम अन्तर्गत ,अध्यक्ष व्यवसायीक कृषि प्रवर्धन तथा आधुनिकीकरण कार्यक्रम*** लाई सिम्ता गाउपालीकाको प्रमुख आर्थिक विकासको कार्यक्रम वृहत योजना निर्माण गरि कार्यान्वयन गरिने छ जसवाट सिम्ता गाउपालीकाको आर्थिक अवस्था तथा गरिवीको दरलाई ३९.१ वाट कम गर्ने नीतिलाई संस्थागत रुपमा अगाडी वढाईने छ।

# सिम्ता गाउपालीकाका क्षेत्रगत नीति तथा आधारहरु

**आर्थिक क्षेत्र** *"आर्थिक क्षेत्रको विकास , सिम्ता गाउपालीकाको एक मात्र निकास"* भन्ने मूल नराका साथ यस गाउ पालीकाको विकास गर्न जरुरी छ। गाउपालीकामा यूवा स्वरोजगारमा विशेष जोड दिईने छ।

**कृषि, सिचाई तथा पशु विकास**

- गाउपालीकाले स्थानीय उद्योग तथा उद्यमीसंग सम्वन्धित संस्थाहरुसंग सहकार्य एक वडा एक वस्तु विकास गरिनेछ।
- यस गाउपालीकाको प्रमुख आयआर्जनको सम्भावना रहेको कृषि तथा पालनमा देखिएको परम्परा र निर्वाहमुखी प्रणालीमा परिवर्तन गरि आधुनिकीकरण, व्यवसायीकरण वजारीकरणमा र प्रांगारिकीकरणमा विशेष जोड दिईनेछ।
- जलवायु अनुकलनका प्रविधिबाट गरिने खेतीलाई जोड दिइने, खाद्यान्न तरकारी र फलफूल उत्पादनका क्षेत्रहरुमा तअपीटी कार्यक्रमहरुका लागि योजनावद्ध विकास गरिनेछ।
- पशुजन्य उत्पादनको लागत मुल्य घटाउन घांस विकास कार्यक्रम र पशु उत्पपादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन नश्ल सुधार कार्यक्रम संचालनमा जोड दिइनेछ,
- मौसमी, वेमौसमी तरकारी खेती, नगदेवाली र प्रतियोगिताको कार्यक्रम मार्फत उत्कृष्ट कृषकहरुलाई पुरस्कृत
- गाउपालीकामार्फत पुंजीगत वजेटको कम्तीमा १० प्रतिशत वजेटलाई कृषि पशु तथा सीप विकासमा खर्च गर्नेगाउपालीका अन्तर्गत एक वडा एक प्राविधिकको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी वढाईने छ।
- शहिद ऋषि स्मृति चक्रपथ अन्य सडक आसपास क्षेत्रमा ब्यबसायीक कृषि पकेट क्षेत्रहरुको विकास गराउने
- गाउपालीकाका संभाव्य गाउरुलााई नमूना गाउ निर्माण गरिने छ
- सिंचाई गुरुयोजना (RIMP) निर्माण गर्ने र सो का आधारमा गाउपालीकामा प्राथामिकता तोकि वजेट विनियोजन गर्ने नीति अवलम्वन गरिने छ ।

# सिम्ता गाउपालीकाका क्षेत्रगत नीति तथा आधारहरु

**पर्यटन विकास**

❖ गाउपालीकाका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक धरोहरहरूको पहिचान तथा संरक्षण गरी पर्यटन क्षेत्रको विकासका

❖ सुचना केन्द्र भ्युप्वाइन्ट, पर्यटन मार्ग, परम्परागत संस्कृति परम्पराहरुको संरक्षण कार्यलाई अघि वढाइने छ ।

❖ गाउपालीकाका संभाव्य स्थानहरुमा होमस्टेको स्थापना गरि संचालन गर्नका लागि उत्प्रेरित गरिनेछ । जसका लागी स्थानीय सहकारी र गै.स.स.लाई परिचालन गरिनेछ ।

❖ सिम्ता गाउपालीकाका राजकाडा दरवार देखि कोटको थुम्को पातीहाल्ना, भोटेचुली देखि तामाचुली र राकम देखि छेडा वजार सम्मको क्षेत्रहरुलाई पर्यटन क्षेत्र घोषणा

# उद्योग, वाणिज्य बैंकिंग सहकारी

❖गाउपालकिा भित्र स्वरोजगारमुलक रुपमा रहेको घरेलु उद्योगलाई स्थापना र संचालन गरिनेछ ।

❖उद्यमशिलताको विकास साथै लघु घरेलु तथा साना उद्यमलाई विकास विस्तार र प्रवर्द्धन गर्न वशेष जोड दिईने छ ।

❖सहकारीको अवधारणा अनुरूप व्यवसायिक खेती एवं व्यवसायिक पशु पालनमा संलग्न गराउंदै सहकारी संस्थाहरूलाई जडीबुटी संकलन, प्रशोधन तथा निकासी जस्ता प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

❖निजी क्षेत्रलाई सहभागिता गराई गाउपालीकामा आधुनिक संकलन केन्द्र र स्तरिय शित भण्डारण निर्माण कार्यान्वयनका लागि पहल गरिने छ ।

# सामाजिक विकास

## *युवा तथा खेलकुद*

❖ बेरोजगार युवा वर्गलाई विभिन्न निकायहरूसँग समन्वय गरी सीपमूलक, आयमूलक एवं क्षमता अभिवृद्धि तर्फ जोड दिईनेछ ।

❖ सिम्ता गाउपालीकामा खेलकूदको संस्थागत विकास गर्नका लागि गाउपालीका स्तरिय खेलकुद विकास समिति गठन गरि संस्थागत विकास गरिने छ।

❖ सिम्ता स्तरिय रंगशालाको निर्माण गरि कार्यान्वयन गरिने छ

## कला, संस्कृति, भाषा र साहित्य

❖ सिम्ता गाउपालीकामा धार्मिक महत्वका स्थानहरु, भाषा, धर्म, कला र संस्कृति आदिको संरक्षण र सम्वर्द्धन

❖ राजकाडा दरवार, भोटे चुली मठ मन्दिरहरु आदि एतिहासिक स्थल पहिचान गरि पर्यटक प्रवर्द्धनमा उपयोगमा ल्याईनेछ।

# सामाजिक विकास

**सामाजिक विकासका लागि  सामाजिक परिचालनः**

❖ NGO DESK संचालन गरिनेछ

❖ कम्तीमा त्रैमासिक रुपमा सरोकारवालहरु सहितको समन्वयात्मक रुपमा वैठक वसी कार्यक्रमलाई अगाडि वढाइनेछ

❖ गैह्र सरकारी संघ संस्थाहरुसंगको साझेदारीमा योजना तर्जुमा लगायतका गाउपालीकाका महत्वपूर्ण कार्यहरुमा संचालन गर्न

**लक्षित वर्ग,**

❖ विपन्नता नक्शांकन तथा स्तरिकरण गर्ने र प्रथामिकताका आधारमा सामाजिक शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ अनाथ, असहाय, हिंसा पिडित महिला, वालवालिका तथा जेष्ठ नागरिकहरुलाई प्रारम्भिक वासस्थानको व्यवस्था

❖ लक्षित वर्गको कार्यक्रमलाई एकद्धार प्रणाली मार्फत संचालन गर्नका लागि अवण्डा नराखी सम्वन्धित क्षेत्रमा पुर्ण कार्यान्वयन गरिनेछ

# शिक्षा, स्वास्थ्य र सरसफाइ

- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने गाउँ शिक्षा समितिलाई आम्दानीको वृद्धिका लागि आयआर्जन युक्त कार्यक्रममा म्याचिंग गर्न चाहेमा गाउपालिका, विषयगत कार्यालय र गै.स.स.बाट म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।

- विभिन्न किसिमका महामारी रोग, संक्रामक र सरुवा रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि समन्वयात्क रूपमा कार्य अगाडि बढाईने छ । जनस्वास्थ्य तथा पोषणमा सुधार गरिने छ

- गाउपालीकामा सुरक्षित खानेपानी तथा पूर्ण सरसफाई योजनावद्ध विकालाई प्रथमिकताका आधारमा अगाडी बढाईने छ ।

- गाउपालीकाका सवै वडाहरुका नागरिकहरुलाई स्वास्थ्यमा पहुच वृद्धि गर्नका लागि र सहजरुपमा सर्वसुलभ रुपमा सेवा प्रवाह गर्नका लागि योजना निर्माण गरि अगाडी वढाईने छ

- स्वास्थ्य केन्द्र भन्दा टाढा रहेकाले त्यस्ता वस्तीहरुमा स्वास्थ्य सेवा सहज रुपमा प्रवाहा गर्नयस आ व मा काप्रीचौरको वैसपानी, घोरेटाको वाखर्क र काफलकोटको दुर्पालामा समुदायीक स्वास्थ्य ईकाई केन्द्र स्थापना र संचालन गरिने छ ।

# भौतिक पुर्वाधार क्षेत्र

## सडक यातायात तथा खानेपानी

- गाउपालीकाका सडकहरु निर्माण गर्दा गाउपालीका यातायात गुरुयोजनाले प्राथामिकता गरिनेछ ।
- (ऋषि स्मृति चक्रपथ) निर्माण तथा स्तरउन्नती गरिनेछ ।
- गोजी आली दुनी दह हुदै नेटा कल्याण साटाखानी धुलियाविट (शहिद ईन्द्र वि सी द्रुत मार्ग ) सडक संजाल, जोड्ने सडकको विस्तार र स्तरोन्नती
- देउली सिर्पा काफलकोट नाहगाउ बाखीखोर हुदै रानिवासको पाठोकाट्नेसडक निर्माण गरिनेछ ।
- गाउपालीकामा घर वरिपरी सडक नभई सडक क्षेत्रमा घर तथा वस्ती निर्माणको नीति अवलम्वन गरिनेछ ।
- विगतदेखि अघुरा तथा क्रमागत योजनाहरुलाई आवश्यक वजेटको प्रवन्ध गरि कार्यान्वयनमा लगिने छ ।
- गाउपालीका यातायात गुरुयोजना निर्माण गरि समग्र विकासको लागि महत्वपूर्ण मानिएका सडकहरुलाई विशेष प्राथामिकता दिइनेछ
- भेरी नदी ,आलीखोला ,जुगैखोलामा अध्यायन अवलोकन गरि लिफ्ट तथा अन्य खानेपालीका आयोजनाहरु संचालनका लागि योजना निर्माण र कार्यानवयन गरिने छ ।

## भौतिक विकास आवास व्यवस्थापन तथा वस्ती विकास कार्यक्रम

- गाउपालीकामा भवन निर्माण आचारसंहितालाई लागु गरि भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्ने,
- भौतिक विकासका पुर्वाधार संचालन गर्दा २० लाख देखि ५० लाख सम्मका आयोजनाहरु गाउ सभाबाट स्वीकृत हुनु अगावै सम्भाब्यता अध्ययन गरेर स्वीकृत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

# वातावरण तथा विपद व्यवस्थापन

**वन तथा वातावरण**

- ❖ गाउपालीकामा जथाभावी खोटो संकलन गर्ने र जंगल विनाश परिपाटीलाई निरुत्साहित गर्दै वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ ।
- ❖ गाउपालीकामा सुख्खा क्षेत्र विस्तार हुदै गएकोले १ वडा १ पोखरी निर्माणको कार्यलाई प्रारम्भ गरिनेछ ।
- ❖ सडकका दुवै छेउमा हरियाली व्यवस्थापनका लागि वृक्षारोपण गरि व्यवस्थापन गरिनेछ ।
- ❖ गाउपालीकामा वायु उर्जा निर्माण गर्न र उर्जाको प्रयोग गर्नका लागि सम्भावित क्षेत्रहरुको पहिचान पातिहाल्ना, देउली,आलेडाडा
- ❖ गाउपालीकामा भू संरक्षण तथा जलाधार व्यवस्थापनमा बायो इन्जिनियरिंग प्रविधि अवलम्वन गरि सोमा जोडि दिइने छ ।
- ❖ वन क्षेत्रबाट संकलित राजश्वबाट प्राप्त रकमको केहि अंश सोहि क्षेत्रको दिगो व्यवस्थापनको लागि खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

***भुसंरक्षण र जलाधार व्यवस्थापन***

- ❖ भेरीनदी आली खोला, जुगै खोलाको संरक्षण र सम्वर्द्धनका लागि गुरुयोजना निर्माण र सो को कार्यान्वयन गरिनेछ ।
- ❖ कटान नियन्त्रण तथा तटवन्धनका लागि पहल गरिने छ ।

# वातावरण तथा विपद व्यवस्थापन

***वतावरण तथा जलवायु परिवर्तन अनुकुलन***

- ❖ स्थानीय अनुकुलनको योजना तर्जुमा गरिनेछ । वजार विस्तार भएका स्थानहरुमा प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित उपयुक्त स्थानमा एक नर्सरीको स्थापना गर्ने
- ❖ वातावरण प्रभाव मुल्यांकनको सम्वन्धि IEE/EIA स्वीकृती गरि लागु गरिनेछ । गाउपालीकामा Bio- Engineering प्रविधि कार्यान्वयनमा जोड दिइनेछ ।
- ❖ स्थानीय पुर्वाधार निर्माण गर्दा स्थानिय श्रोत र साधनहरु र प्रविधिलाई पहिलो प्राथमिकतालाई जोड दिइनेछ ।

**<u>भु उपयोग तथा हरियाली व्यवस्थापन</u>**

- ❖ सबै वडाहरुमा भु-उपयोग योजना निर्माण गरि कार्यान्वयनमा ल्याउने कार्यको प्रारम्भ गरिनेछ ।
- ❖ शहरउन्मुख खाली रहेको जग्गामा स्थानीय गै.स.स. र निजी क्षेत्रको समन्वयमा ग्रिन पार्कको स्थापना गरिने छ ।
- ❖ गाउपालीकाको राकम देखि गजौडा र आली सम्म हरितमार्ग निर्माणका लागि योजना निर्माण गरि लागु गरिने छ ।

# संस्थागत विकास तथा सेवा प्रवाह

***मानव संसाधन विकास कार्यक्रम :*** सेवा सुविधालाई प्रविधि मैत्री वनाउनका लागि कार्यालयको ठेगा रहेको ईमेल खोली संचालन गरिनेछ

- उपभोक्ता समितिहरुमा स्थानिय प्रतिष्ठीत,कर्तव्यनिष्ठ र समाजसेवी व्यक्तित्वहरुको सहभागीतामा निर्माण र कार्यानवयन गरिने छ ।
- सहभागिता गरिने छ । कुनैपनि राजनैतिक दलहरुको जिम्मेवार प्रतिनिधी, कर्मचारी, शिक्षक,

निर्माण व्यवसायिहरुको प्रतिनिधित्व नगराउने

- प्रशासनिक कर्मचारीहरुको क्षमता विकासका लागि Training need acessment plan तयारी गरि तालिमको व्यवस्था

**स्थानीय शुसासन, जवाफदेहि कार्यालय व्यवस्थापन** सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई,

रेडियो कार्यक्रम सञ्चालन, योजना स्थलमा होर्डिग बोर्ड राख्ने, बुलेटिन प्रकाशन

- खरिद सम्वन्धि कार्य गर्दा सार्वजनिक खरिद ऐनको मातहतमा रही बार्षिक खरिद योजना बनाई सो को आधारमा मात्र खरिद गरिनेछ ।

**गाउपालीकाको प्रशासन व्यवस्थापन**

- सुविधा सम्पन्न सूचना केन्द्र स्थापना गरि सूचना तथा अभिलेख बैंकको रूपमा विकास गर्दै गतिविधिलाई श्रव्यदृश्य तथा

सञ्चार माध्यमहरूबाट सार्वजनिक गरिनेछ

- पाश्र्वचित्रलाई अविलम्ब निर्माण गरि प्रयोगमा ल्याईनेछ आगामी आ.व.को सबै प्रकारका योजनाहरु निर्माण गर्नका लागि

आधार तयार गरिनेछ ।

- कार्यसम्पादनलाई नतिजामुखी जवाफदेही वनाउनका लागि प्रमुख कार्यकारी अधिकृतले वडाकार्यालय सचिव तथा अन्य

कर्मचारीसंग कार्यसम्पादन सम्झौता गरि कार्यान्वयन गरिने छ ।

# संस्थागत विकास तथा सेवा प्रवाह

**आन्तरिक स्रोत पहिचान र वित्तीय व्यवस्थापनः** गाउपालीकाको पाँच वर्षे आन्तरिक *राजस्व लेखाजोखा तथा प्रक्षेपण कार्ययोजनाको* सिफारिस अनुसार राजश्व संकलनमा जोड दिइनेछ ।

❖ बेरूजु हुन नदिने र पेश्की बेरुजुलाई निरुत्साहित गर्न यस आ.व. देखि नै योजनाको अवस्था हेरी पेश्की प्रथालाई बन्द गर्ने

❖ गाउपालीकामा क्रमिक रुपले लेखा सफ्टवेयर सम्वन्धि तालिम दिई लागु गरिनेछ ॥

**अनुगमन तथा मूल्याकन :** सर्वपक्षिय अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्वन गरिनेछ । एकद्वार प्रणालीबाट अनुगमन मूल्यांकन गरिने र तेस्रो पक्षिय अनुगमनको विधिलाई अवलम्वन गरिनेछ ।

❖ निरन्तररुपमा अनुगमन, प्रतिवेदन एवम् समिक्षा गर्नका लागि गाउपालीका अनुगमन तथा विश्लेषण प्रणाली र नियमित रुपमा प्रतिवेदन प्रणलीको लागु गरिनेछ ।

❖ कार्यक्रमहरुको गुणस्तरियता र प्रभावकारिताको सुनिश्चितताको लागि सामाजिक लेखा परिक्षण र सार्वजानिक सुनुवाई भएपश्चात मात्र अन्तिम भुक्तानीको प्रक्रियालाई अगाडि वढाउने ।

# मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

- सिम्ता उज्यालो कार्यक्रम अर्न्तगत सिम्ता स्तरिय विधुतिकारण कार्यक्रम
- जनतासंग सिम्ता गाउपालीका कार्यक्रम
- अध्यक्ष कृषि प्रवर्धन तथा व्यवसायीकरण कार्यक्रम
- पहुच मार्ग निर्माण कार्यक्रम
- शहिद ऋृषि स्मृति चक्रपथ निर्माण कार्यक्रम
- शहिद इन्द्र वि सी फास्ट ट्याक कार्यक्रम
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य उपचार कार्यक्रम
- उपाध्यक्ष कोशेली कार्यक्रम

# सिम्ता गाउँपालिकामा भएका प्रमुख कार्यहरु

## गाउँपालिकामा  कार्यान्वयन गरिएका कानूनहरु

- आर्थिक ऐन २०७४
- विनियोजन ऐन २०७४
- शिक्षा ऐन २०७५
- शिक्षा नियमावली २०७४
- शिक्षा नीति २०७५
- स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन २०७४
- सहकारी व्यवस्थापन तथा व्यवस्थापन ऐन २०७४
- स्थानिय कृषि व्यवसाय प्रवर्धन ऐन २०७४
- आर्थिक कार्य विधि नियमन तथा व्यवस्थापन गर्न वनेको ऐन २०७४
- गाउँ सभा संचालन तथा व्यवस्थपन ऐन २०७४
- गाउँपालीका कार्यविभाजन नियमावली २०७४
- गाउँपालीका कार्यसम्पादन नियमावली २०७४
- सिम्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४

## गाउँपालीकाका नियमावली र कार्यविधिहरु

- स्थानिय तह वैठक तथा सभा संचालन कार्यविधि  २०७४
- एफ एम रेडियो संचालन तथा व्यवस्थापन कार्यविधि २०७४
- गाउँपालीका आर्थिक कार्यविधि २०७४
- आधारभुत तह शिक्षा परिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०७४
- पदाधिकारीहरुको आचारसंहिता कार्यविधि २०७४
- गाउँ कार्यपालीका निर्णय आदेश र अधिकार पत्रको प्रमाणीकरण कार्यविधि २०७४
- 'घ' वर्गका निर्माण व्यवसायी इजाजत पत्रसम्बन्धि कार्यविधि, २०७४
- सिम्ता गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४

# सिम्ता गाउँपालिकामा भएका प्रमुख कार्यहरु

## गाउँपालीकाका नियमावली र कार्यविधिहरु

- स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन, तथा व्यवस्थापन कार्यविधि, २०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधी, २०७४
- गाउँपालीका वजार अनुगमन निर्देशिका २०७४
- आन्तरिक राजश्व लेखाजोखा तथा प्रक्षेपण २०७४
- अपाङ्गता परिचय पत्र बितरण निर्देशिका २०७५

## गाउँपालीकाका अन्य दस्तावेजहरु

- सिंचाई गुरुयोजना निर्माण २०७४
- खानेपाली तथा सरसफाई गुरुयोजना निर्माण २०७४
- सडक गुरुयोजना निर्माण २०७४
- आवधिक योजना निर्माणधिन २०७५
- गरिवी नक्सांकन २०७५
- वस्तुगत विवरण अध्यावधिक २०७५
- कृषि विकासको गुरुयोजना निर्माणधिन २०७५
- समग्र गुरुयोजना निर्माणाधिन २०७५

# पूर्वाधार विकासमा भएका प्रमुख कार्यहरु

- शहिद ऋषिस्मृति चक्रपथ अन्तर्गत गान्द्र देखि काफलकोट सम्म नयाँ सडक निर्माणाधिन अवस्थामा रहेको छ।
- शहिद ईन्द्र वि सी द्रुत मार्ग अन्तर्गत गोजी देखि आली सम्म करिव ५ कि मी ग्र्यावल निर्माण र आली देखि दुनी काडा सिम्ता सम्पन्न सडक निर्माण
- काफलकोट देखि नाहागाउँ सम्म ५ कि मी नयाँ सडक निर्माण
- सिम्ता उज्यालो कार्यक्रम अन्तर्गत वृहत सर्वेक्षण, सवै वडाहरुमा सामुदायीक विभुतिकरण विभाग , संघिय संसद क्षेत्रविकास कोष र गाउपालीकाको साझेदारीमा करिव २५ करोडको विधुतीकरण कार्यक्रम टेन्डर छनौट भई कार्य संचालनमा रहेको छ ।
- पिपलखेत साहुखोला , आली सिमलपानी आग्रीगाउँ झ्यामा ,डाडाखाली क्यौरेनी आदी ५ मीटर चौडा सडकहरु २५ कि मी निर्माण सम्पन्न
- खानेपानी आयोजनाहरु ६३ वटा निर्माण तथा मर्मत संभार गरिएको छ।
- गाउँपालीकाका सवै वडाहरुमा सिंचाई आयोजनाहरु ७१ वटा योजनाहरु मर्मत तथा निर्माण गरिएको छ।
- ३ वटा स्वास्थ्य चौकी तथा सामुदायी स्वास्थ्य केन्द्रहरु मर्मत तथा निर्माण गरिएको छ।
- २ वटा विध्यालयहरु निर्माण गरिएको छ र ५२ वटा विध्यालयहरु मर्मत संभार गरिएको छ ।
- २ वटा वडाका वडा कार्यालयहरु मर्मत संभार र १ वटा वडा कार्यालय निर्माणधिन अवस्थामा छ।
- विभिन्न सामुदायीक भवनहरु ८ मर्मत तथा नया निर्माण गरिएको छ
- १२ स्थानमा कला संस्कृतिको संरक्षणका लागि १२ वटा मन्दिर मर्मत संभार तथा निर्माण गरिएको छ।

# सामाजिक विकासमा भएका प्रमुख कार्यहरु

- सिम्ता गाउपालीकामा ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुका लागि चौमासिक निशुल्क स्वास्थ्य उपचार र आखा अप्रेशन शिविर सम्पन्न । कुल ५४९ जनालाई स्वास्थ्य सेवा प्रदान जस मध्य महिला ६१ र पुरुष ४८ जना , कूल १०९ जनाको मोतिविन्दु अप्रेशन रहेका छन । १९६वटा नजिकको देख्न सक्ने चस्मा वितरण गरिएको छ ।
- गाउपालीका स्तरिय अपांग छात्रवासको स्थापना गरि संचालन गरिएको छ ।
- ई हाजिरीको थालनी गरिएको र सेवाका साथै वेवसाईड संचालनमा आएको छ
- गाउपालीकाका स्थानिय सरकार संचालन ऐन २०७४ वमोजिम केन्द्र निर्धारण गरिएको छ । साथै यस आर्थिक वर्ष देखि गाउपालीकाको भवन निर्माणका लागि जग्गा व्यवस्थपन र भवन निर्माणको लागि टेण्डर खुलेको छ ।
- जनतासंग सिम्ता गाउपालीका रेडियो कार्यक्रम सानेभेरी रुकुम , प्रदेश एफ एम र जागरण एफ एम, वुलवुले एफ एम, सुर्खेत एफ एम भेरीगंगा एफ एमवाट नियमित रुपमा प्रशारण गरिएको छ ।

# स्वास्थ्य सम्वन्धि कर्याक्रिमहरु

## सिम्ता गाउँपालिकाको संचालनार्थ निसर्त कार्यक्रम

- उपाध्यक्ष कोसेली कार्यक्रम राकम,काप्रिचौर,बजेडीचौर,आग्रीगाउँ,डाडाखाली र खानिखोला
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- सामुदायिक स्वास्थ्य इकाई केन्द्र समाग्री खरिद
- स्वास्थ्य प्रोफाइल र डाइरी छपाई

## सम्पन्न सशर्त कार्यक्रम

- महिला स्वास्थ्य स्वयं सेविका दिवश
- स्तनपान सप्ताह कार्यक्रम
- आमा सुरक्षा कार्यक्रम अन्तरगत न्यानो झोला खरिद ३५० पिस
- क्षयरोग कार्यक्रमको कोहर्ट विश्लेसन
- विरामीको लागि ओ.पि.डी.टिकट छपाई
- जेष्ठ नागरिक स्वास्थ्य दिवश
- बन्ध्याकरण शिविर अगावै म.स्वा.स्व.से हरुलाई अभिमुखिकरण कार्यक्रम संचालन
- इमप्लान्ट आई.यु.सिडी. क्याम्प संचालन

# सामाजिक विकासमा भएका प्रमुख कार्यहरु

- गाउपालीकामा गठित न्याय समितीका कामहरुलाई व्यवस्थित गर्नका लागि सवै वडाहरुमा सामुदायीक मेलमिलाप केन्द्र गठन गरिएको छ र सवै मेलमिलाप केन्द्रका सदस्यहरुलाई क्षमता विकास कार्यक्रम र पुनर्ताजकी कार्यक्रम संचालन गरि न्याय सम्पादन गरिएको छ
- गत बर्ष एकिकृत घुम्ती शिविर संचालन गरि नागरिकता ३८६ स्वास्थ्य सेवा ५७१ जना कृषि ४३५ पशु ४०० आयूर्वेदिक २१४ जना मतदात नमावली ३४५ जना जेष्ठनागरिक परिचय पत्र वितरण १५५ जनालई सेवा प्रदान गरिएको छ ।
- गाउपालीकाको सुशासन प्रवर्धनका लागि प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईलाई निरन्तर रुपमा संचालन गरिएको छ जसले सेवा प्रवाहमा प्रभावकारीता भएको छ ।

# सामाजिक विकासमा भएका प्रमुख कार्यहरु

| क्र.स | सम्पन कार्यक्रमको नाम | स:शर्त | नि:शर्त | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानिय जन्तालाई जडिबुढी कार्यक्रम | २०,००० | २०,००० | ४०,००० | |
| २ | राष्ट्रिय योग दिवश | १०,००० | - | १०,००० | |
| ३ | विद्यालय आयूर्वेद तथा योग शिक्षा कार्यक्रम | २०,००० | २०,००० | ४०,००० | |
| ४ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्वर्थक | ३५,००० | २०,००० | ५५,००० | |
| ५ | पंचकर्म /पूर्वकर्म | १५,००० | २०,००० | ३५,००० | |
| ६ | जेष्ठ नागरीकको लागी स्वास्थय प्रर्वद्धन सेवा कार्यक्रम | २०,००० | २५,००० | ४५,००० | |
| ७ | गाउँ सँञ्चालन कार्यक्रम | - | १,६०,००० | १,६०,००० | |
| ८ | अत्याआश्यक नि:शुल्क आयूर्वेद औषधी वितरण | १,३०,००० | - | १,३०,००० | |
| | **जम्मा:-** | **२,५०,०००** | **२,६५,०००** | **५,१५,०००** | |

| क्र.स | विभिन्न सेवा | संङख्या | कैफियत |
|---|---|---|---|
| १ | O.P.D सेवाबाट लगेका जम्मा बिरामी | १४,९१ जना | |
| २ | जेष्ठनागरीक सेवा लगेका जम्मा बिरामी | १०४ जना | |
| ३ | स्तनपायी सेवा लगेका जम्मा | १०० जना | |
| ४ | पंचकर्म सेवा लगेका बिरामी | ९४ जना | |
| ५ | गाउँ घर क्लिनीकबाट सेवा लगेका बिरामी संङख्या | ३,८६ जना | |
| | **जम्मा बिरामी संङख्या** | **२१,७५ जना** | |

# आर्थिक विकासका प्रमुख कार्यहरु

- गाउँपालीकाका ५ वटा वस्तिहरुलाई नमूना गाउँ (**MODEL VILLLAge**) को अवधारणाको प्रारम्भ भएको  छ सोही अनुसार नमूना गाउ संचालनका लागि आधारहरु तयरी गरेर अगाडी वढेको छ ।
- राजकाडा कोटेश्वर पातिहाल्ना, भोटेचुली तामाचुली र राकम छेडा सम्मको क्षेत्रलाई पर्यटन क्षेत्र घोषणा गरि काम अगाडी वढेको छ राजकाडामा ५० लाख र कोटको थुम्कोमा ३० लाख प्रदेशबाट विनियोजन गरि कार्यान्वयन गरिएको छ ।

# न्याय समितिका गतिविधिहरु

| क्रस | बिबादका विषय | छलफल भएको संख्या(दर्ता) | समाधान( मेलमिलाप) भएको संख्या | समाधान गर्न बाँकि संख्या | समन्वयका लागि अन्य निकायमा पठाएका संख्या |
|---|---|---|---|---|---|
| १ | सम्बन्धविच्छेद | ४।४ | २।४ | १।० | १।० |
| २ | साँधि,कुलो | २।१ | २।१ | ०।० | ०।० |
| ३ | गलि बेईज्जति | ३।४ | ३।३ | ०।१ | ०।० |
| ४ | ज्याला मजुरि नदिएको | ३।५ | २।५ | १।० | ०।० |
| ५ | औषधि उपचार तथा हेरचाहा | १।२ | १।२ | ०।० | ०।० |
| ६ | लेनदेन तथा सम्पति | ३।५ | २।४ | १।१ | ०।० |
| ७ | सार्वजनिक जग्गा | १।३ | ०।० | १।३ | ०।० |
| ८ | कुलो तथा खानेपानी | २।२ | २।२ | ०।० | ०।० |
| ९ | कुटपिट | १।२ | ०।२ | ०।० | १।० |
| १० | बाटो नदिएको | १।० | ०।० | १।० | ०।० |
| | जम्मा | २१।२८=४९ | १४।२३=३७ | ५।५=१० | २।०=२ |

१. कर्मचारि प्रयाप्त नहुनु

२. समुन्वय निकाय तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार कार्यापालिका व्यवस्थापिका र न्यायिक समिति बिच समुन्वयको अभाव

३. न्यायिक समिति तथा मेलमिलाप केन्द्र सञ्चालनमा बजेटका अभाव

# आ व २०७५।०७६ को क्षेत्रगत खर्च विवरण

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को असार मसान्त सम्म भएको खर्च |
|---|---|---|
| **१०** | **आर्थिक विकास** | **११२७६** |
| १०१० | कृषि | १०२५१ |
| १०२० | उद्योग तथा वाणिज्य | |
| १०३० | पर्यटन | १०२५ |
| १०४० | सहकारी | ० |
| १०५० | वित्तीय क्षेत्र | ० |
| **२०** | **सामाजिक विकास** | **३४२२१** |
| २०१० | शिक्षा तथा खेलकुद | १०५५० |
| २०२० | स्वास्थ्य | १०५७१ |
| २०३० | खानेपानी तथा सरसफाइ | ३६०० |
| २०४० | संस्कृति प्रवर्द्धन | ५०० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ९००० |
| **३०** | **पूर्वाधार विकास** | **९३८४१** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ५५८४१ |
| ३०२० | सिंचाई | ७५०० |
| ३०३० | भवन तथा सहरी विकास | ६००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | २४५०० |
| ३०५० | विविध | ० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **२४५०** |
| ४०१० | वन तथा भु-संरक्षण | ० |
| ४०२० | जलाधार संरक्षण | १५० |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | ० |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | ० |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ८०० |
| ४०६० | विपद व्यवस्थापन | १५०० |
| ४०७० | वारुण यन्त्र सञ्चालन | ० |

# आ व २०७५।०७६ को क्षेत्रगत खर्च विवरण

| | | |
|---|---|---|
| ५० | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **४९८२** |
| ५०१० | विविध | २१५२ |
| ५०२० | संस्थागत पुर्वधार | ९०० |
| ५०३० | अभिलेख व्यवस्थापन | १५० |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | २५० |
| ५०५० | सुचना प्रविधि | ५०० |
| ५०६० | सुरक्षा व्यवस्थापन | १५० |
| ५०७० | मानव संसाधन विकास | ७३० |
| ५०८० | नगारिक वडापत्र तथा टोकन प्रणाली | १५० |

| | | |
|---|---|---|
| 5090 | वित्तिय व्यवस्थापन र शुसान | १४२५ |
| 6000 | लेखाकंन तथा राजश्व परिचालन | ३५० |
| 6010 | सार्वजनिक सुनुवाइ | ६२५ |
| 6020 | सामाजिक लेखापरिक्षण | ४५० |
| | **ससर्त अनदान** | **१६६५८४** |
| | ससर्त अनदान तर्फ | १६६५८४ |
| **70** | **कार्यलय संचालन तथा प्रशासनीक** | **४९३६८** |
| 7010 | पारिश्रमिक /सुविधा | १६८११ |
| 7020 | कार्यलय सामान तथा सेवाहरु | ३४६६ |
| 7030 | सेवा तथा परामर्श खर्च | ५६७१ |
| 7040 | अनुगमन मूल्यांकन र भ्रमण खर्च | ० |
| 7050 | विविध खर्च | ६६२८ |
| | **कुल जम्मा** | **३६४१४७** |

# ०७५।०७६ को बार्षिक आर्थिक विवरण

| बजेट रकम नं | बजेट रकम | स्वीकृत बजेट रकम अंक | जम्मा बजेट | निकासा | खर्च | बांकी बजेट |
|---|---|---|---|---|---|---|
| २६६११ | वितिय सामानिकरण अनुदान नेपाल सरकार | 98900000.00 | 98900000.00 | 98900000.00 | 98900000.00 | 0.00 |
| २६६१२ | ससर्त अनुदान नेपाल सरकार | 152421607.61 | 152421607.61 | 157789000.00 | 152597960.61 | 51,91,039.39 |
| | सोधभर्ना हुने ऋण एस एस डिपि | 3946000.00 | 3946000.00 | 3946000.00 | 3946000.00 | 0.00 |
| | सोझै भुक्तानी अनुदान यस एस एड | 250000.00 | 250000.00 | 0.00 | 0.00 | 0.00 |
| | नगद अनुदान गाभी | 35000.00 | 35000.00 | 0.00 | 0.00 | 0.00 |
| | सोधभर्ना हुने अनुदान यु एस एड | 386000.00 | 386000.00 | 386000.00 | 386000.00 | 0.00 |
| | सोधभर्ना हुने अनुदान एस एस डिपि | 3853000.00 | 3853000.00 | 3853000.00 | 3853000.00 | 0.00 |
| | सोधभर्ना हुने अनुदान दाताको सयूंक्त कोष | 610000.00 | 610000.00 | 610000.00 | 610000.00 | 0.00 |
| | राजश्वबाडंफाड | 7,62,98,000.00 | 7,62,98,000.00 | 6,25,84,743.88 | 7,15,19,447.03 | -89,34,703.15 |
| | **जम्मा** | **33,66,99,607.61** | **33,66,99,607.61** | **32,80,68,743.88** | **33,18,12,407.64** | **-37,43,663.76** |

# आ ब २०७६।०७७ को क्षेत्रगत आय व्ययको विवरण

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ को संशोधित अनुमान | आ.व.०७६/७७ को अनुमान | अन्तर सरकारी वित्तीय हस्तान्तरण नेपाल सरकार | अर्धबार्षिक खर्चाको अवस्था | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० | आर्थिक विकास | १,१२,७६ | २,८३,७९,५०० | २,८३,७९,५०० | ५४,२२,५२०। | १९.११ |
| २० | सामाजिक विकास | ३,४२,२१ | ७३५१३५ | २२,९७,७१,३८० | ८,८९,८६,८७४ | ३८.७३ |
| ३० | पूर्वाधार विकास | ७,८५,०० | ५,६३,६५,३८० | ५,६३,६५,३८०। | १,२९,९१,०७६ | २३.०५ |
| ४० | वातावरण तथा विपद व्यवस्थापन | २४,५० | ३०,००,०००। | ३०,००,०००। | १९,५३,७३९ | ६५.१२ |
| ५० | सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | ९९,८२ | ८८,३१,४६६। | ८८,३१,४६६। | ६६,६०,०७९ | ४१.४४ |
| ठण | कार्यलय संचालन तथा प्रशासनीक | ४९,३६८ | ५,४२,१६,२७४ | ५,४२,१६,२७४ | २,२९,६२,१०० | ४२.३५ |

# आ व २०७६।०७७ को आय व्यय विवरण

आ.व. : २०७६/७७

| सि.नं. | क्षेत्र/उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत(%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,२९,३७,२७४.०० | ४,५३,५४,५००.५० | ४०.१६ | ६,७५,८२,७७३.५० |
| २ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,२९,३७,२७४.०० | ४,५३,५४,५००.५० | ४०.१६ | ६,७५,८२,७७३.५० |
| ३ | आर्थिक विकास | २,८३,७९,५००.०० | ५४,२२,५२०.०० | १९.११ | २,२९,५६,९८०.०० |
| ४ | कृषि | ५८,५६,०००.०० | ९,४५,०००.०० | १६.१४ | ४९,११,०००.०० |
| ५ | पर्यटन | ४८,००,०००.०० | १९,०५,०००.०० | ३९.६९ | २८,९५,०००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | १,३१,७५,०००.०० | ३,३७,८७०.०० | २.५६ | १,२८,३७,१३०.०० |
| ७ | बन | ५०,०००.०० | | ० | ५०,०००.०० |
| ८ | पशुपन्छी विकास | ४४,९८,५००.०० | २२,३४,६५०.०० | ४९.६८ | २२,६३,८५०.०० |
| ९ | पूर्वाधार विकास | ७,३५,४९,३८०.०० | १,३७,९६,८०२.८६ | १८.७६ | ५,९७,५२,५७७.१४ |
| १० | यातयात पूर्वाधार | ३,९५,३२,९००.०० | १,०३,६३,४९७.०० | २६.२१ | २,९१,६९,४०३.०० |
| ११ | भवन, आवास तथा सहरी विकास | २,४५,६१,४८०.०० | २६,८७,५७८.८६ | १०.९४ | २,१८,७३,९०१.१४ |
| १२ | उर्जा | ९४,५५,०००.०० | ७,४५,७२७.०० | ७.८९ | ८७,०९,२७३.०० |
| १३ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८८,३१,४६६.०० | ३६,६०,०७९.०० | ४१.४४ | ५१,७१,३८७.०० |
| १४ | प्रशासकीय सुशासन | ११,३०,०००.०० | २,००,०००.०० | १७.७ | ९,३०,०००.०० |
| १५ | वित्तीय सुशासन | १७,९९,४६६.०० | ६,१४,०००.०० | ३४.१२ | ११,८५,४६६.०० |
| १६ | कानुन तथा न्याय | १२,००,०००.०० | २,९४,०००.०० | २४.५ | ९,०६,०००.०० |
| १७ | शान्ति तथा सुव्यवस्था | ३,२५,०००.०० | ४२,४००.०० | १३.०५ | २,८२,६००.०० |
| १८ | श्रम तथा रोजगारी | ४,७७,०००.०० | २,५५,९४०.०० | ५३.६६ | २,२१,०६०.०० |
| १९ | योजना तर्जुमा र कार्यन्वयन | ५०,०००.०० | | ० | ५०,०००.०० |
| २० | तथ्यांक प्रणाली | २,५०,०००.०० | | ० | २,५०,०००.०० |
| २१ | मानब संशाधन विकास | ६,००,०००.०० | ३,००,०००.०० | ५०. | ३,००,०००.०० |
| २२ | विपद व्यवस्थापन | ३०,००,०००.०० | १९,५३,७३९.०० | ६५.१२ | १०,४६,२६१.०० |
| २३ | सामाजिक विकास | २२,९७,७१,३८०.०० | ८,८९,८६,८७४.४२ | ३८.७३ | १४,०७,८४,५०५.५८ |
| २४ | युवा तथा खेलकुद | १९,००,०००.०० | ५०,०००.०० | २.६३ | १८,५०,०००.०० |
| २५ | खानेपानी तथा सरसफाई | १,४७,०५,३८०.०० | ४८,३९,१५९.०० | ३२.९१ | ९८,६६,२२१.०० |
| २६ | भाषा तथा संस्कृति | २५,८०,०००.०० | ३,००,०००.०० | ११.६३ | २२,८०,०००.०० |
| २७ | शिक्षा | १५,५९,८८,०००.०० | ६,४२,५६,४२६.१२ | ४१.१९ | ९,१७,३१,५७३.८८ |
| २८ | स्वास्थ्य | ४,७५,९८,०००.०० | १,९४,२१,२८९.३० | ४०.८ | २,८१,७६,७१०.७० |
| २९ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७०,००,०००.०० | १,२०,०००.०० | १.७१ | ६८,८०,०००.०० |
| | जम्मा | ४५,३४,६९,०००.०० | १५,७२,२०,७७६.७८ | ३४.६७ | २९,६२,४८,२२३.२२ |

# सिम्ता गाउँपालिकामा आ.व. ०७६/०७७ मा संचालित योजनाको अवस्था विवरण

| वडानंहरु | सम्झौता | | | | | | | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्वाधार विकास | | | आर्थिक विकास | | | सामाजिक विकास | | | | | |
| | सडक | खा.पा. | तारबार | सिंचाई | मन्दिर | भवन | शिक्षा | स्वस्थ्य | प्रतिक्षालय | स्थानिय काला संस्कृती र पर्यटन | | |
| १ नं. वडा | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | २ | |
| २ नं. वडा | ० | ३ | ० | ७ | ० | ० | ० | ० | ० | १ | ११ | |
| ३ नं. वडा | २ | ३ | ० | ० | ० | ० | ३ | ० | ० | १ | ९ | |
| ४नं. वडा | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | १ | ४ | |
| ५नं. वडा | १ | १ | ० | २ | १ | ० | १ | ० | ० | १ | ७ | |
| ६ नं. वडा | १ | १ | २ | २ | १ | ० | २ | ० | ० | ० | ९ | |
| ७ नं. वडा | ३ | २ | ० | ४ | १ | ० | २ | ० | ० | ० | १२ | |
| ८नं. वडा | ३ | ५ | ० | ० | ० | ० | १ | १ | ० | १ | ११ | |
| ९ नं. वडा | ४ | ३ | ० | १ | ० | ० | २ | ० | ० | ० | १० | |
| | १५ | २० | २ | १६ | ३ | ० | १२ | १ | १ | ५ | ७५ | |

# सिम्ता गाउँपालीकाको प्रस्तावित भवन







# कोटको थुम्कोको प्रस्तवित संरचना





Park Area
Waiting Shed




## PROPOSED LAND POOLING

| LEGEND | |
|---|---|
| | ROAD OF WIDTH 6M |
| | ROAD OF WIDTH 8M |
| | EXISTING ROAD |
| | BOUNDARY |
| | GREEN AREA/OPEN SPACE |

SCALE

0 50 200M

# प्रस्तावीत वस्ती विबासको खाका






# आर्थिक विकासका उपलव्धीहरु



# आर्थिक विकासका उपलब्धीहरु कासका उपलब्धीहरु









# आर्थिक विकास क्षेत्रका गतिविधिहरु












# आर्थिक विकास क्षेत्रका गतिविधिहरु










# सिम्ता गाउपालीकाको एकिकृत घुम्ती शिविरका झलकहरु











# आखा शिवीरका केही झलकहरु















# सिम्ताली कला साहित्य संरक्षण सम्वन्धि कार्यशालाका झलकहरु














# गरिवी नसांकन तथा गरिव परिचयपत्र वितरण कार्यक्रमका झलकहरु











# मा वि लापु भवन निर्माण तथा मर्मत संभार





# पूर्वाधार विकासका उपलव्धीहरु










# पूर्वाधार विकासका उपलब्धीहरु







# पूर्वाधार विकासका उपलव्धीहरु














# पूर्वाधार विकासका उपलव्धीहरु












# न्याय समितिका गतिवीधिहरु
















# पत्र पत्रिकामा गतिविधिहरु

युगआह्वान दैनिक विस्तार नयाँको सारथी | 3 | सफलताको ४८ औं वर्ष सोमबार १८ भाद्र २०७५ Monday 03 September 2018

## गरिबीको नक्साङ्कन गरी सहकारीमार्फत समृद्ध सिम्ता : केसी

**सिम्ता गाउँपालिकाको समग्र विकासका सन्दर्भमा सिम्ता गाउँपालिका सुर्खेतका अध्यक्ष तथा गाउँपालिका राष्ट्रिय महासंघ कर्णाली प्रदेश *अध्यक्ष श्री कविन्द्र कुमार केसीसंग युगआह्वान दैनिकका सम्पादक दीपक बुढाले* गरेको अन्तरसम्वाद ।**



कविन्द्र कुमार केसी
अध्यक्ष सिम्ता गाउँपालिका, सुर्खेत

**सिम्ताका प्रमुख प्राथमिकताहरु**

- सिम्ता उज्यालो कार्यक्रम
- जनतासंग सिम्ता गाउँपालिका
- पहुँच मार्ग निर्माण
- शहिद ऋषि शर्मा स्मृति चक्रपथ निर्माण
- शहिद इन्द्र बिसी दुर्लमार्ग निर्माण
- गाउँबासीलाई चार भागमा गरिबीको वर्गीकरण
- सबै वडामा सामुदायिक संस्था र सहकारी
- साझेदारी, सहकारी, सहकार्य र सहअस्तित्व चार मोडल
- प्राथमिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाई सुरु
- स्मार्ट बोर्ड (बोल्ने किताब) बाट पढाई
- सबै विद्यालयमा इलेक्ट्रोनिक हाजिरी लागु
- ६० वर्षमाथीका नागरिकको घरमै स्वास्थ्य जाँच
- बैसपानी, दुर्पाला र बाहखर्कमा नयाँ सामुदायिक स्वास्थ्य संस्था
- ५० लाख राजस्व संकलन
- जेसिबी र टिम्पर परिचालनबाट राजस्व वृद्धि

**कृषिमा तअपाटी सुत्रात्मक अवधारणा**

- त: तरकारी (मौसमी तथा बेमौसमी)
- अ: कृषि उपज अदुवा, सुन्तला, ज्यामिर, अमिलो जातका सबै फलफूल, जडिबुटी
- पा: पालन (पशुपंक्षि पालन)
- टी: टिमुरको व्यवसायिक खेती

● आजभोली के गर्दै हुनुहुन्छ ?

● निर्वाचनका प्रतिबद्धताहरु कहाँ पुगेका छन् ?

● सिम्तामा विकासको गति कहाँ पुग्यो ?

● सबै तिर बाटो खन्ने होडबाजी जस्तै छ, सडक कति बनाउनुभयो ?

● गौरवको योजना सिम्ता उज्यालो कार्यक्रम भन्नुभएको छ त्यसबाट के गर्नुहुन्छ ?

● गरिबी पहिचान कसरी गर्दैहुनुहुन्छ ?

● लक्षित समुदायको क्षेत्रमा के के योजना छन् ?

● कृषि तथा पशुपालनको आधुनिकिकरणमा के काम भएको छ ।

● शैक्षिक गुणस्तर वृद्धि के हुँदैछ ?

● सबै नागरिकले स्वास्थ्य सेवा पाएका छन् त ?

● जनतासंग सिम्ता गाउँपालिका भनेको के हो ?

● युवा स्वरोजगारको क्षेत्रमा के गर्नुभएको छ ?

● आन्तरिक आयस्रोत वृद्धिको योजना के छ ?

● सुशासन र पारदर्शीताको स्थापना के गर्नुभयो ?

---

## शैक्षिक गुणस्तर सुधारमा सिम्ता

❖कोँक्रेविहार संवाददाता
सुर्खेत, १८ भदौ ।

पूर्वी सुर्खेतको सिम्ता गाउँपालिकामा शिक्षा क्षेत्रको गुणस्तर वृद्धि गर्नुका लागि वृहत् योजना निर्माण गरिने भएको छ । गाउँपालिकाअन्तर्गत शिक्षा क्षेत्रमा रहेको वर्तमान अवस्था, समस्या र चुनौति तथा समाधानका उपाय खोजी गरी भावी योजना निर्माण गरिने भएको हो। वृहत् योजना निर्माणभन्दा पहिला आफूहरुले सरोकारवालाहरुसँगको छलफललाई तिव्रता दिएको गाउँपालिकाका अध्यक्ष कविन्द्रकुमार केसीले जानकारी दिए। त्यसअन्तर्गत आइतवार गाउँपालिकाका अध्यक्ष केसी, जिल्ला शिक्षा कार्यालय सुर्खेतका जिल्ला शिक्षा अधिकारी जीतबहादुर शाह, सिम्तामा रहेका दुईवटै श्रोत केन्द्रका स्रोत व्यक्ति र गाउँपालिकाका कार्यकारी अधिकृतले संयुक्त छलफल गरेका छन् । वीरेन्द्रनगरमा गरिएको छलफलबाट भदौ २८ गते गाउँपालिकाको केन्द्र वजेडिचौरमा योजना तर्जुमा गोष्ठी गरिने निष्कर्ष निकालिएको छ। गोष्ठीमा गाउँपालिकाभित्रका ७२ वटा विद्यालयका प्रधानाध्यापकहरु, माध्यामिक विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरु र गाउँ कार्य पालिकाका पदाधिकारीहरु सहभागि हुनेछन्। गोष्ठीमै स्रोत केन्द्रस्तरीय र गाउँपालिकास्तरीय प्रतिवेदन प्रस्तुत गरी छलफल गर्ने कार्ययोजना बनाइएको छ।

यसैबीच, आइतवार नै सिम्ता गाउँपालिकामा सरोकारवाला निकायसँग सूचनाको हक र सामाजिक परिक्षणका विषयमा *(बाँकी ३ पेजमा)*

---

## मुस्किल

हाल सञ्चालनमा रहेका विमानस्थलको कमाइ न्यून रहे पनि थप विमानस्थल निर्माण हुने क्रम भने जारी नै छ । कालिकोटको कोटबाडामा निकट भविष्यमा नै सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

...ली गाउँमा बन्द गरेको यो

---

सुर्खेत, २७ माघ ।

सुर्खेतको सिम्ता गाउँपालिकाले प्रदेश नम्बर ६ मा नै पहिलो पटक विभिन्न १० वटा ऐन, कार्यविधि र निर्देशिका बनाएको छ। दुई दिनसम्म सञ्चालन भएको पहिलो हिउँदे अधिवेशनले ऐन, कार्यविधि र निर्देशिका पारित गर्दै विभीन्न समितिहरूलाई पूर्णता दिएको हो। साथै अधिवेशनले पर्यटन क्षेत्र र महत्त्वका सडक घोषणासमेत गरेको छ।

अधिवेशनबाट स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, पूर्वाधार विकास ऐन, सहकारी ऐन, कृषि व्यवसाय प्रबर्द्धन ऐन, शिक्षा ऐन र आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन पारित गरिएको सिम्ता गाउँपालिकाले जनाएको छ। यस्तै, बजार अनुगमन निर्देशिका र पदाधिकारीको आचार संहिता निर्देशिका एवम् गाउँसभा सञ्चालन तथा व्यवस्थापन कार्यविधि र ... पारित गरिएको छ।

गाउँपालिकामा विधिको शासन सञ्चालनका लागि ऐन, कार्यविधि र निर्देशिका कोशेढुङ्गा बन्ने गाउँपालिकाका अध्यक्ष कविन्द्रकुमार केसीले बताए। नेपालको संविधान २०७२ अनुसार अब पारित भएका ऐन, कार्यविधि र निर्देशिकालाई गाउँपालिकास्तरको राजपत्रमा प्रकाशित गरी कार्यन्वयन गरिनेछ। राजपत्रमा प्रकाशित भएका ऐन, कार्यविधि र निर्देशिकालाई प्रदेश सरकार र केन्द्र सरकारमासमेत उपलब्ध गराउने व्यवस्था छ।

सिम्ताको हिउँदे अधिवेशनले विभिन्न समितिहरूलाई पूर्णतासमेत दिएको छ। जस अनुसार गाउँपालिकाका उपाध्यक्ष पूर्णकला शाही संयोजक तथा नेत्रलाल महतरा र मोहन चन्द सदस्य रहनेगरी न्याय समिति बनाइएको छ। यस्तै लोकबहादुर *(बाँकी पृष्ठ ४ मा)*

# पत्र पत्रिकामा गतिविधिहरु












# मिडियामा सिम्ता गाउँपालीका

नियमन गर्न जरुरी रहेको उहाँले वन अधिकृत छोटेलाल चौधरी,

## पाँचजनालाई मानव सेवा आश्रममा लगियो

❑ दुर्गा विसी

सल्लीबजार, १ चैत । सुर्खेत सिम्ता गाउँपालिकामा मानसिक सन्तुलन गुमेर फिरन्ते जीवन बिताइरहेका पाँचजनालाई गाउँपालिकाको सहयोगमा शुक्रवार मानव सेवा आश्रम सुर्खेतमा बुझाइएको छ ।

एक जना एक वर्षको दुधेबालकसहितकी महिला र तीनजना पुरुषलाई गाउँपालिकाको पहलमा मानव सेवा आश्रममा लगिएको छ । मानसिक सन्तुलन गुमेका मागेर खाने, सडक पेटी किनारमा बास गर्नेहरुलाई गाउँपालिकाले सुधार केन्द्रमा पठाएको छ ।

गाउँपालिकाका अध्यक्ष कविन्द्रकुमार केसी, उपाध्यक्ष चन्द्रकला शाहीको टोलीले शुक्रवार नै उनीहरुलाई मानव सेवा आश्रममा लगेर बुझाउनु भएको छ । सिम्ता घर भएका नीमबहादुर टमटा सहित पाँचजनालाई पठाइएको छ । विभिन्न स्थानबाट गाउँपालिका क्षेत्रमा मानसिक सन्तुलन गुमेर घुमन्ते जीवनयापन गरेकाहरुलाई उद्धार गरेको गाउँपालिकाले जनाएको छ ।

लोकसेवा तथा विभिन्न संस्थानहरुका Online form भरिनुका साथै अनलाइन सम्बन्धी काम पनि गरिन्छ।

मध्यपश्चिम टेक्निकल इन्स्टिच्युट प्रा.लि.
तुलसीपुर उ.म.न.पा.-५, दाङ (बसपार्कदेखि दक्षिणतर्फ)

थप जानकारीको लागि : ९८०९५०१०९३, ९८६६९०७४३०
Email id : bikasholi2053@gmail.com



## सिम्ताका वृद्ध–वृद्धा भन्छन्, सरकार नजिकै रहेछ



# हिउदे अधिवेशनका प्रस्ताव तथा कार्यसूचीहरु

- आ.व. २०७६/०७७ को प्रथम ६ महिनाको समिक्षा (गतिविधी)
- केही महत्वपुर्ण कार्याविधि तथा निर्देशिकाहरुकको निर्माण र संशोधन
- ऐन नियमहरुको संशोधन
- समितिहरुका काम, कर्तव्य र अधिकारको जानकारी आदान प्रदान
- बजेटहरुको रकामान्तरको वारेमा छलफल
- ठूला पूर्वाधारको निर्माण योजनाहरु संचालन प्रक्रिय तथा छलफल
- शाखाहरु र वडा कार्यालयका कामहरु माथी मुल्याङ्कन र निर्देशन
- आ.व. २०७५/०७६ को लेखापरिक्षण माथी सामान्य छलफल

**Kabindra Kc Chairperson Simtagaaupalika**
13 mins ·

Design of Simta Building which will be completed in this year









